# दिगो कृषिका लागि कृषिवन प्रणाली

एउटै जमिनमा बहुवर्षीय रुख, कृषि बाली र पशुपन्छीलाई योजनाबद्ध रूपमा मिलाएर गरिने बहुआयामिक र भू-उपयोगी पद्धतिलाई कृषिवन प्रणाली भनिन्छ (FAO, 2015)। माटो र जल संरक्षण गर्दै प्रणालीभित्रको आपसी सहकार्यबाट दिगो उत्पादन, जोखिम न्यूनीकरण र आयमा विविधीकरण ल्याउनु नै यसको मुख्य सिद्धान्त हो (ICRAF, 2017)।

## कृषि



- कृषि बालीहरूः मौसम अनुसारको तरकारी, बहुवर्षिय फलफूलका प्रजाति, दलहन, औषधीमुलक बाली, डाँलेघाँस लगायत व्यवसायिक बालीहरूलाई, घर वरपर वा वनमा आधारित कृषि प्रणालीमा पशुपालनसँग व्यवसायिक, एकीकृत, मिश्रित वा एकल रुपमा खेती गर्न सकिन्छ।
- यसो गर्दा बिरुवाहरूबिच माटो, पानी, हावा तथा अन्य आवश्यक पोषक र खनिज तत्वका निम्ति उचित प्रतिस्पर्धा हुन्छ र उत्पादकत्व वृद्धि हुन्छ।

## वन



- कृषिवनमा रुखका तीन प्रमुख भूमिका छन्ः उत्पादनमूलक, रक्षात्मक र नियामक।
- काठ र दाउरा तथा गैरकाष्ठ वन पैदावार जस्तै फलफुल, घाँस, स्याउला, जडिबुटी, कच्चा पदार्थ र मलको लागि रुखलाई कृषि बालीसँगै एकीकृत रुपमा लगाउन सकिन्छ।
- यसले वनमाथिको निर्भरता कम गर्नुका साथै वन व्यवस्थापन, परागसेचकहरूको संरक्षण तथा संवर्द्धन र वातावरण संरक्षणमा समेत टेवा पुर्‍याउँछ।

## पशुपालन



- कृषिवनमा आधारित प्रणालीमा पशुपन्छी, माछा, मौरी आदिलाई व्यवसायिक वा एकीकृत रुपमा पाल्न सकिन्छ।
- सुधारिएको गोठ वा खोर निर्माण गर्दा पशुवस्तुको स्याहारसुसार गर्न सजिलो हुनका साथै भकारो व्यवस्थापन सुधार गरी गोबर र पशुमूत्रबाट उच्च गुणस्तरको प्राङ्गारिक मल तयार गर्न सकिन्छ।
- यस मलको प्रयोग खेतीबालीमा गरी क्रमिक रुपमा रासायनिक मलको प्रयोग घटाउँदै प्राङ्गारीक खेतीको प्रवर्द्धन गर्न सकिन्छ।

## कृषिवन किन चाहिन्छ ?

**कृषि जमिनको चुनौती**
- सीमित क्षेत्रफल
- घट्दै गएको कृषि गर्ने क्षेत्र
- माटोको गुणस्तरमा ह्रास

**कृषिवन**

**कृषिवनका प्रमुख लाभ**
- खाद्य उत्पादनमा वृद्धि
- जग्गाको उत्पादकत्वमा वृद्धि
- वातावरण संरक्षणमा सहयोग

## कृषिवनको महत्व

- माटोको उर्वराशक्ति बढाउँछ
- कृषकको आम्दानी बढाउँछ
- पानी र माटोको संरक्षण गर्दछ
- एकैसाथ सम्पूर्ण वाली नष्ट हुने जोखिम कम हुन्छ
- दाउरा र घाँस संकलन गर्न समयको बचत हुन्छ
- जैविक विविधता संरक्षणमा योगदान पुर्याउँछ
- हरितगृह ग्याँस सोसेर वातावरणलाई सुधार गर्दछ

## विभिन्न प्रकारका कृषिवन प्रणालीहरू

- घर बगैँचा
- एली वा हेज रो
- फलफूल बगैँचामा बाली लगाउने
- खेतको वरीपरी रुख रोप्ने र चरन क्षेत्र बनाउने
- रुखको छाहारीमा व्यवसायिक बाली
- काठ पैदावार रुखको बगैँचा
- माछापालनमा एकिकृत कृषि
- पशुपालन र घाँसबाली

पर्यावरणीय कृषि प्रवर्धन कार्यक्रम (CRA-III)

Brot für die Welt | DKA Austria Katholische Jungschar | LI-BIRD

**तयारकर्ता**: जेनी श्रेष्ठ, इन्द्र पौडेल | **डिजाइन**: आश्मा अर्याल

**जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)**

पोखरा, कास्की, गण्डकी, नेपाल, टेलिफोन: +९७७ ६१ ५८५३५७/५७६८३४

इमेल: info@libird.org | वेबसाइट: www.libird.org